नगर सन्देश

नगर सन्देश वा:पौ(साप्ताहिक)

कीर्तिपुर नगरपालिकाको बुलेटिन

वर्ष १ ● अंक १८ ● ने.सं. ११४० चिल्लागा ७ (सप्तमि) ● वि.सं. २०७६ चैत्र ३ गते, सोमबार ● 2020 March 16 Monday ● पृष्ठ ८


# खानेपानी समस्यामुक्त वडा घोषणाको तयारीमा



कीर्तिपुर नगरपालिका वडा नं.६ कार्यालयमा निर्मित सार्वजनिक धाराको कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जनले उद्घाटन गर्नुभएको छ। चैत्र १ गते भएको एक कार्यक्रममा मेयर महर्जनले उक्त धाराको उद्घाटन गर्नुहुँदै धैरै जनसंख्या र क्षेत्रफल भएको वडा हुँदाहुँदै पनि खानेपानी वितरणमा धैरै अगाडि बढेकोमा खुशी व्यक्त गर्नुभयो। यसै हप्ता लनगोल खत्रीछाप क्षेत्रमा खानेपानी ट्याङ्की शिलान्यास हुन लागेको र चोभार क्षेत्रमा खानेपानी टैंकी निर्माण स्थल छिटो छनोट गर्न निर्देशन दिनुहुँदै मेयर महर्जनले यसै आ.ब.मा चोभारमा समेत नौमुलेको पानी पुऱ्याई खानेपानी समस्यामुक्त वडा बनाउन चाहेको बताउनुभयो। खानेपानीको आवश्यकता सबैलाई उत्तिकै रहने कुरामा जोड दिदै वहाँले बढी भएको पानी अन्य वडामा समेत दिनु राम्रो हुने बताउनुभयो।

नौमुले खानेपानी तथा सरसफाई उपभोक्ता समितिको आयोजनामा भएको उक्त उद्घाटन कार्यक्रम समितिका उपाध्यक्ष रुपेश बुढाथोकीको सभापतित्वमा भएको थियो। सभापतिको मन्तव्य राखदै बुढाथोकीले आफ्नो कोषमा ८००० रुपैंया भएकोमा १ लाख ऋणलिई कार्यथालेको यस समितिले हाल ७ करोड भन्दा बढीको काम गरेको दोहऱ्याउनुभयो। करीव ४ वर्षको अन्तरालमा ११०० उपभोक्ताले निजी धाराको निवेदन दिएको यस समितिमा १००० भन्दा बढी धारा वितरण गरिसकेको र बाँकीलाई पानी वितरण अब छिट्टै काम शुरु हुने स्पष्ट पार्नुभयो।

कार्यक्रमका अतिथि जलविनायक विकास केन्द्रका तर्फबाट इन्द्र बहादुर महर्जनले मन्तव्य राखेको उक्त कार्यक्रममा वडा नं ६ का वडा अध्यक्ष न्हुच्छेबहादुर महर्जनले विकास निर्माणको काम गर्न पैसाले मात्र नहुने सबै वडावासीको साथ र सहयोग जरुरी हुने कुरामा जोड दिनुहुँदै वहाँले यस वडामा विकराल समस्याका रुपमा रहेको खानेपानी समस्या यति छिट्टै समाधान उन्मुख हुनुमा वडाबासी, उपभोक्ता समिति र कीर्तिपुर नगरपालिकाको समेत योगदान रहेको स्मरण गर्नुभयो र अब छिट्टै वडालाई खानेपानी समस्यामुक्त वडा घोषणा गर्ने तयारीमा रहेको जानकारी समेत दिनुभयो।

समितिका कोषाध्यक्ष रामचन्द्र खड्काले संचालन गर्नुभएको उक्त कार्यक्रममा सचिव संगम शर्माले स्वागत मन्तव्य राख्नुभएको थियो।



## सम्पादकीय

# खोप अभियान

मित्रराष्ट्र चीनबाट शुरु भएको माहामारी रोग कोरोना भाइरसको संक्रमण हाल विश्वभरी फैलिरहेको छ भने उद्‌गम स्थान चीनमा यस रोगलाई नियन्त्रणमा लिइसकेको विभिन्न संचार माध्यमहरूमा आइरहेको छ। यसरी एकातिर विश्व नै त्रसित भइरहेको कोरोना भाइरसको रोगथामका विभिन्न उपायहरूको खोजी गरिरहेको अवस्थामा नेपालले बालमृत्युदर घटाउनका लागि नियमित खोप अभियान सञ्चालन गरेको छ।

चैत्र २ गते देखि दादुरा र रुवेला खोप अभियान सञ्चालन गरेको छ। हेर्दा उस्तै देखिने यो दादुरा र रुवेला रोग स्वास्थ्यकर्मीहरूले मात्र सजिलै चिन्न सक्दछन्। तर यी दुवैको खोप (भ्याक्सिन) भने एउटै हो। एउटै खोपले दादुरा र रुबेला रोग लाग्न बाट बचाउँदछ। ९ महिनादेखि ५ वर्षमुनिका सम्पूर्ण बालबालिकाहरूलाई यो खोप अनिवार्य रुपमा लगाउनु पर्दछ। यद्यपि यी बाहेक पनि बालबालिकाहरूलाई अरु नियमित खोप लगाउनु पर्दछ। तर नेपाल सरकारको योजनाअनुसार चैत्र महिनाभित्र यो खोप अभियान पूरा गर्नु पर्दछ। निमोनिया भएको बच्चाहरूलाई, उच्च ज्वरो आएको बच्चाहरू र दिर्घरोगी बच्चाहरूलाई भने यो खोप लगाईदैन। पहिलो चरणमा काठमाडौं महानगरपालिका बाहेकका नगरपालिका र गाउँपालिकामा सञ्चालग गरेको यो अभियान अन्त्यमा काठमाडौं महानगरपालिकामा सञ्चालन हुनेछ। स्वास्थ्य अनुकूल नभएका बच्चाहरू यदि काठमाडौं महानगरपालिकामा सञ्चालन भएको बेलासम्ममा ठीक भएमा यो खोप त्यहाँ पनि लगाउन सकिनेछ।

विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुरुप यो रोग नेपालमा निर्मुलै गर्नु पर्ने हो। तर निर्मुलै गर्न नसकिए तापनि नेपालले सन् २०१९ सम्ममा नियन्त्रण गर्ने प्रतिवद्धता गरेको थियो। तर त्यो पनि नसकेकोले सन् २०२३ सम्ममा यो रोगलाई नियन्त्रण गर्ने प्रतिबद्धता नेपालले गरेको छ। सोही अनुरुप यो खोपको अभियान चलाइएको हो। नेपालले विफर रोगलाई भने निर्मुल नै गरिसेकेको छ। जसरी विफर रोगलाई नेपालले निर्मुल गरेको छ, त्यसरी नै आफ्नो घरपरिवार, छरछिमेक तथा चिनेजानेका सबै बालबच्चाहरूलाई यो अभियानमा सम्मिलित गराई दादुरा र रुवेलाको खोप लिन लगाई यो रोगलाई पनि निर्मुल पार्ने अभियानमा सबैले एक जुट भई सहयोग गर्नु आजको आवश्यकता हो।

# जैविक विविधताको लागि भंगेरा संरक्षण अभियान शुरु गरौं - १


**ध्रुव बस्नेत**

**भूमिका :**

हामी मानव सर्वश्रेष्ठ प्राणी हौं। पेशागत रुपमा महत्त्वपूर्ण किसानले आफ्नो खेतबारीमा आफैले अन्नको बीउ जोगाई यो बेलामा यो लगाउने भन्ने काल बिचार गरेर अन्नबाली लगाए पछि त्यो उब्जनी मान्छेले मात्र खाने होइन। खनजोत गरी बीउ छरेपछि त्यहाँका किरा फट्याङ्ग्रा, चराचुरुङ्गी, पशुपंक्षीदेखि यावत प्राणीले खान प्रयोग गर्छ त्यसैले मानव सर्वश्रेष्ठ हो। त्यसमा पनि विकसित मानव सबको गाँसबास कपास जुटाउने उत्तम धर्मात्मा बैदिक साम्यवादी नै किसान हो। त्यही कारणले अन्य पेशागत इमान्दार मानिसले बाली लगाउने किसान सर्वश्रेष्ठलाई धन्यवाद् दिन्छन्। त्यही कारणले पहिलेका किसानले वर्षातमा खेतबारीमा अन्न उत्पादनको लागि काम गर्न र हिउँदको बेलामा कुनै किसान आफू र अरु बस्ने घर निर्माण गर्न व्यस्त हुने गर्दथे र त्यो बेलाको प्रत्येक घरमा भंगेरा संरक्षण गर्ने उद्देश्यले भंगेरा बस्ने एउटै घरमा ५०/६० ओटा गुँड बनाउन मिल्ने स्थान राख्ने परम्परागत संस्कृति नै भएको पाइयो। त्यही हाम्रा पूर्खालाई हामीले हाम्रो माटोको सम्मान गर्ने हो भने अब हामीले भंगेरा संरक्षण अभियान शुरु गरौं। अहिलेका हामी माटो छोड्ने। माटो बेचेर विदेश जाने गरेका छौं। उदाहरण : गत २०३५/०३६ सालतिर हाम्रो आँगनमा बिस्कुन सुकाउँदा भंगेरा धपाउन लठ्ठी नै लिएर बस्नु पर्दथ्यो। त्यही बेलाका ठूलाबडाले प्रतीकात्मक रुपमा तँलाई भंगेरा मारेझैं मारिदिउँ पनि भन्ने गर्थे।

**मेरो धारणा**

गत २०३५/०३६ सालतिर यो हाम्रो आँगनमा बिस्कुन सुकाउँदा भंगेरा धपाउन लठ्ठी नै लिएर बस्नु पर्दथ्यो। त्यही बेलाका ठूलाबडाले प्रतीकात्मक रुपमा तँलाई भंगेरा मारेझैं मारिदिउँ पनि भन्ने गर्थे।



**भंगेरा संरक्षण तर्फको काम :**

हामीले यो काम हिजै गर्नुपर्ने थियो। त्यो काम केन्द्रीय सरकारको पशुपंक्षी विभाग होस् वा स्थानीय वडा कार्यालय हाल सम्मका कुनै निकायले यो गर्ने गर्नुपर्ने कार्य गरेको छैन। जस्तो कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको पशुपंक्षी विभाग हुनुपर्नेमा पंक्षी छुटाई पशु सेवा विभाग गठन भएको पाइन्छ। पशु सेवा विभागमा गई सम्पर्क गर्दा (डाइरेक्टर वंशी शर्मा) त्यहाँ मुलत कुकुर र कुखुराको मात्र उपचार तर्फको काम हुने गरेको सुन्नमा आयो। जबकी सनातनदेखि हाम्रो घरघरमै गुँड बनाई राखिएको घरघरको भंगेरा संरक्षणको कुनै पनि काम गरिएको पाइएन। त्यस्तै स्थानीय सरकार सञ्चालनको सम्बन्धमा बनेको ऐन ( नेपाल राजपत्र २०७४-६-२९ नेपाल सरकार) मा वडा समितिको काम कर्तव्य (१५) पशुपंक्षी विकास तथा छाडा चौपायको व्यवस्थापन उल्लेख भएको पाइन्छ। तर या गाई वस्तु पाल्ने प्राय चलन नै हराई सकेको पाइन्छ। केहीले गाईको बाछा बाच्छी संरक्षण नगरी छोड्छन् तर त्यो वडाले व्यवस्था गरे गराइएको पनि पाईदैन।

*क्रमशः*

*यस स्तम्भमा प्रकाशित लेख/रचनाहरूमा व्यक्त विचारहरू लेखकको निजी विचार भएको जानकारी गराउँदछौं।*

# पहिलो चरणको व्यवसायिक तालिम सम्पन्न

कीर्तिपुर नगरपालिकाको सहयोगमा यूसेप नेपालद्वारा कीर्तिपुर नगरबासीहरूलाई दिइएको विभिन्न व्यवसायिक तालिमको पहिलो चरणको तालिम सम्पन्न भएको छ। अण्डर प्रिभिलेज चिल्ड्रेन्स एडुकेशनल प्रोग्राम्स (यूसेप) नेपाल, सानो ठिमी, भक्तपुरमा २०७६ माघ १५ गते कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जनले सो तालिमको उद्घाटन गर्नुभएको थियो । एक महिनाको तालिममा १६ जनाको सहभागिता रहेको थियो। जसमा १३ जनाले हलुका सवारी साधन चलाउन सिकेका थिए भने २ जनाले ब्याकहो लोडर र एक जनाले कफी बनाउने सिकेका थिए।



फागुन २७ गते कीर्तिपुर नगरपालिकाको नयाँभवनमा भएको समापन कार्यक्रममा मेयर महर्जनले तालिममा सहभागीहरूलाई प्रमाण पत्र वितरण गर्नुभएको थियो। यूसेप नेपालका कार्यकारी निर्देशक विपिन आचार्य, यूसेप नेपालका कार्यक्रम संयोजक सरोज न्यौपाने र यूसेप नेपालका ड्राइभिङ्ग प्रशिक्षक श्रृजना फोम्वोको पनि उपस्थित रहेको कार्यक्रममा प्रशिक्षार्थीका तर्फबाट सुरेश शाक्य र अम्बिका अधिकारी कार्कीले आ-आफ्नो मन्तव्य राख्नुभएको थियोभने कीर्तिपुर नगरपालिकाका सचिवालय सदस्य विकास महर्जनले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

# दादुरा र रूबेला खोप अभियान सञ्चालन




कीर्तिपुर नगरपालिका लगायत काठमाडौंका विभिन्न नगरपालिकाहरूले चैत्र २ गते आइतबारदेखि दादुरा-रुबेला खोप अभियान सञ्चालन गरेको छ। ९ महिनादेखि ५ वर्षमूनिका बालबालिकाहरूलाई लगाइने यस खोपको बारेमा कीर्तिपुर नगरपालिका वडा नं. ३ स्थित पालिफल स्वास्थ्य चौकीले एक दिने अभिमुखीकरण कार्यक्रमको आयोजना गरेको थियो।

३ नं. वडाका अध्यक्ष राजेन्द्र महर्जनको अध्यक्षतामा भएको कार्यक्रममा पालिफल स्वास्थ्य चौकीका प्रमुख युवराज अर्यालले यस दादुरा र रुबेला खोपको बारेमा जानकारी गराउनु भएको थियो भने ३ नं. वडामा बस्ने खोप केन्दको बारेमा पनि जानकारी गराउनु भएको थियो।

३ नं. वडामा जम्मा ४५२ जना बालबालिकाहरू रहेको तथ्याङ्कअनुसार कोहीपनि नछुट्नू भनेर योजनाबद्ध ढङ्गले वडाको प्रत्येक टोलमा गई खोप लगाउने तयारी रहेको बताउनुहुँदै स्वास्थ्य चौकी प्रमुख अर्यालले खोप अभियानमा २ जना भ्याक्सिन लगाउने स्वास्थ्यकर्मी र ११ जना स्वयंसेवकहरू हुने बताउनुभएको थियो।

निमोनिया, उच्च ज्वरो र दिर्घरोगी बच्चाहरूलाई यस खोप लगाउनु नमिल्ने जनाउँदै ती रोग नभएको बेलामा नियमित रुपले खोप लगाउन मिल्ने जानकारी समेत गराउनुभयो। नेपाल सरकारले बालमृत्युदर घटाउने लक्ष्यका साथ यो अभियान चलाएको उल्लेख गर्नुहुँदै अर्यालले सन् २०१९ मै यो रोगलाई नियन्त्रण गर्ने भनिए तापनि अझै नियन्त्रण हुन नसकेकोले सन् २०२३ सम्ममा यो रोगलाई नियन्त्रणमा लिने लक्ष्य नेपाल सरकारले लिएको समेत जानकारी गराउनु भएको थियो। खोप अभियान चैत्र ९ गते सम्पन्न हुने बताइएको छ।

# नगमय् जेष्ठ नागरिक भवन दयेकीगु




किपू नगरपालिका वडा नं ९, नगमय् जेष्ठ नागरिक भवन दयेकीगु जूगु दु। वडा स्तरीय गौरवया योजनाय् लाःगु थुगु भवन दयेकेया लागि वडा पाखें रु. १८ लख बजेट विनियोजन याःगु खःसा जनस्तरय् नं चन्दा म्हयेगु ज्या जुयाच्वंगु दु। ज्ञानमाला जेष्ठ नागरिक दिवा सेवा समिति जुइगु थुगु भवनय् दुम्ह महांकाल द्यःयात चैत्र १ गते क्षमा पुजायाना लिक्कसं स्थानान्तरण याःगु खः।

किपू नगरपालिकाया मेयर रमेश महर्जनं वंगु सार्वजनिक सुनुवाई ज्याभ्वलय् नं थुगु जेष्ठ नागरिक भवन दयेकेया लागि नगरपालिकापाखें नं माःगु ग्वहालि यायेगु धयादीगुलिं म्होतिंनं वडां ब्यूगु बजेट बराबर नगरपालिकां नं बीधकाः वडा नं ९ या अध्यक्ष गंगाराम महर्जनं विश्वास प्वंकादिल।

थुगु भवन दयेकेया लागि धनबहादुर महर्जनया नायःसुई छगू उपभोक्ता समिति दयेका ज्या न्ह्याकाच्वंगु खः।

# कीनपाया ४,५ व ९ नं. वडाय् ढलनिकास



कीर्तिपुर नगरपालिका वडा नं. ९ या क्रियाटिभ एकेडेमिनिसें शुरु जूगु ढल निकासया ज्याभ्वः वंगु दँय् बजेत सिधयाः छुगामय् तक थ्यनाच्वंगु खः। थुगु योजना पूवंकेत मोहन बन्जारेया नेतृत्वय् फिल्ड भिजित यानां बृहत्त ढल निकास अन्तर्गत संघीय सरकारं ८० लख बजेत बियाहःगुलिं आः छुगामंनिसें भत्क्यापाटीतकया ढल निकास ज्याभ्वः जुयाच्वंगु दु।

स्थानीययात सक्रिययाना ज्या न्ह्याकेत किपू नगरपालिका वडा नं ९ या अध्यक्ष गंगाराम महर्जनया विशेष कुतलय् वडा नं ४ या अध्यक्ष राजेन्द्र बाँनिया व वडा नं. ५ या अध्यक्ष राजेन्द्र महर्जनया ग्वहालिई स्थानीयतयूत मुंकाः मिसातयूगु छगू उपभोक्ता समिति दयेकूगु खः। ईन्दिराया अध्यक्षताय् दयेकूगु उपभोक्ता समितिं आः ज्या न्ह्याकाच्वंगु दुसा संघीय सरकारय् बजेत निकासा यायेगुयालिसें माःगु प्रशासनिक ज्याय् गोपाल महर्जनया सक्रियतां थ्व ज्याभ्वः जुयाच्वंगु खः।

थ्व धःया ज्या न्ह्याकाच्वंगु इलय् लँया नं ज्या जुयाच्वंगु दु। १४ मिटर ब्याया थ्व लँ दयेकेत टेण्डरमार्फत ज्या जुयाच्वंगु खः। राराहिल स्कुलंनिसें भत्क्यापाटी तक ९ नं वडा सिधया ४ व ५ नं. वडा थीकथं थ्व ज्या जुयाच्वंगु खः।

# किपुलिई नगर उज्यालो ज्याभ्वः

किपू नगरपालिका अन्तर्गत पुनःनिर्माण तथा विपद् व्यवस्थापन समितिया नगर उज्यालो ज्याभ्वःया भ्वलय् किपुलिइ बस चलेजुइगु रुटय् सतक मत तयेगु ज्या जूगु दु। १७० प्वाः हाइलोजिन मत, ८० प्वाः एलइडि मत त सतकय् दुगु विद्युत प्राधिकरणया लठ्ठा, नेपाल टेलिकमया लठ्ठाय् तयेगु ज्या जुयाच्वंगु समितिया कजि लिसें वडा नं ९ या अध्यक्ष गंगाराम महर्जनं जानकारी बियादीगु दु।

थुगु मत च्याकेत माःगु तार, चिम, स्ट्यायण्ड, स्वीच, एमसिवि आदि ज्वलंत नगरपालिकां उपलब्ध याकूगु खःसा सामान्य ज्वलंत पिभिसि बस्क, टेप व ज्याला स्थानीयतयूके म्हया स्थानीयतयूगु हे विशेष ब्वतिइ थ्व ज्याभ्वः न्ह्याकाच्वनागु ज्याभ्वःया कजि महर्जनं जानकारी बियादीगु खः।

थ्व मत तयेगु ज्या आःयात किपू दुहाँवयेगु मूलँ, किपूया चक्रपथ, पाँगा दोपातंनिसें ध्वाखासितक, नगां दोपातंनिसें भत्क्यापाटीतक अथेहे छुगामंनिसें लनग्वःतक तयेगु ज्या जुयाच्वंगु व थ्यंमथ्यं ७० प्रतिशत क्वचायेधुंकूगु समितिया कजि लिसें वडा अध्यक्ष महर्जनं जानकारी बियादीगु खः।

नगर सन्देश
कीर्तिपुर नगरपालिकाको बुलेटिन

ने.सं. ११४० चिल्लागा सप्तमि
वि.सं. २०७६ चैत्र ३ सोमवाः

# मेयर व उपमेयरपाखें परीक्षाया निरीक्षण



स्थानीय तहया मातहतय् लाःवःगु स्कुलया परिक्षा न्ह्यानाच्वंगु दु। वंगु फागुन २७ गतेनिसें ८ तगिंया परिक्षा न्ह्यानाच्वंगु खः। थुगु परिक्षाया कीर्तिपुर नगरपालिकाया मेयर रमेश महर्जनया नेतृत्वय् छगू टोलि व उपमेयर सरस्वती खड्काया नेतृत्वय् मेगु छगू टोलिं चैत्र १ गते शनिवाः थीथी स्कुलय् निरीक्षण याःगु दु।

वडा नं १० या अध्यक्ष अमन महर्जन व सचिवालय दुजः विकास महर्जन दुथ्याःगु मेयर महर्जनया नेतृत्वया टोलिं पांगा मा.वि., साल्भेनिया एकेडेमी, उज्ज्वल शिशु निकेतन, जनसेवा माध्यमिक विद्यालय, राराहिल मेमोरियल स्कुल, क्रियटिभ एकेडमी, कीर्तिपुर माध्यमिक विद्यालय, पुष्पसदन आ. माध्यमिक विद्यालय व मंगल माध्यामिक विद्यालयया निरीक्षण याःगु खः।

अथेहे शिक्षा शाखाया जुजुभाई महर्जन, वडा नं. ९ या दुजः प्रेमकृष्ण श्रेष्ठ, गंगा महर्जन दुथ्याःगु उपमेयर खड्काया नेतृत्वया टोलिं आदिनाथ माध्यमिक विद्यालय, टौदह राष्ट्यि माध्यमिक विद्यालय, ग्रीनभिलेज सेकेण्डरी स्कुल व बालकुमारी माध्यमिक विद्यालयया निरीक्षण याःगु खः।

# कीर्तिपुर अस्पतालय् याकनं डाइलाइसिस सेवा शुरू



किपू नगरपालिका वडा नं. २, द्यःध्वाखाय् च्वंगु कीर्तिपुर अस्पतालं याकनं हे डाइलासिस सेवा शुरु यायेत्यंगु दु। जँलास्यैं (Kidney)ल्वय्या लागिं मदेकमगाःगु थुगु डाइलासिस सेवा शुरुयायेया लागि माःगु मेशिन हयेधुंकूगु दुसा उगु मेशिनया किपू नगरपालिकाया उपमेयर सरस्वती खड्काया नेतृत्वया छगू टोलिं निरीक्षण समेत याःगु दु। वंगु फागुन २९ गते बिहिवाः उगु मेशिनया निरीक्षण यानादीगु खः।

उपमेयर खड्काया नेतृत्वय् वडा नं. ४ या अध्यक्ष राजेन्द्र बाँनिया, वडा नं ३ या दुजःलिसें कार्यपालिका दुजः नन्ददेवी महर्जन, वरिष्ठ ईन्जिनियर बालकृष्ण महर्जनलगायतं कीर्तिपुर अस्पतालय् डाइलासिस सेवा शुरु जुइत्यंगुया बारे निरीक्षण यानादीगु खः। उगु इलय् कीर्तिपुर अस्पतालया निमित्त निर्देशक डा. पेरु प्रधानं डाइलासिस यायेगु मेशिनया बारे जानकारी बियादीगु खः।

लुमंकेबहःजू, छुंदिं न्ह्यः कीर्तिपुर अस्पतालयात किपू नगरपालिकां थ्यंमथ्यं भिगू लख बराबरया हजंज्वलं न्यायेत ग्वहालि याःगु खः।

## सुचं ! सुचं !! सुचं !!!

प्रत्येक सोमवाः पिदनाच्वंगु किपू नगरपालिकाया ख्वाःपौ थुगु "नगर सन्देश" बुलेटिनयात कयाः छिगु छुं नं सरसल्लाह व प्रतिक्रिया बियादीत दुसा क्वय् न्ह्यथनागु थाय् थ्यनी कथं छ्वयाहयादीत इनाप यानच्वना।

स्वापूया निति

किपू नगरपालिका भवन, फोनः ४३३११८९

ईमेल : nagarsandes@gmail.com



**खोप अभियान :** चैत्र २ गते देखि शुरु भएको ९ महिनादेखि ५ वर्षमूनिका सम्पूर्ण बालबालिकाहरूलाई दादुरा र रुवेला खोपको आफ्नो वडामा शुभारम्भ गर्नुहुँदै कीर्तिपुर नगरपालिका वडा नं. ३ का अध्यक्ष राजेन्द्र महर्जन। यस वडामा ४५२ जना बालबालिकाहरू रहेको जनाएको छ। *तस्बिर : ज्ञानकुमार महर्जन*

*"साँस्कृतिक र प्राकृतिक सम्पदायुक्त, शैक्षिक एवं पर्यटकीय शहर*

*स्वच्छ हराभरा, समावेशी तथा समुन्नत हाम्रो कीर्तिपुर नगर "*

# सम्पूर्ण नगरबासीहरूमा अनुरोध

- नगरपालिकाको अनुमति लिएर मात्र भवन निर्माण गरौं। भूकम्पीय प्रतिरोधात्मक पूर्वाधार/संरचनाको निर्माण गरौं।
- आफ्नो टोल, चोक, घर, आँगन हामी आफैंले सफा सुग्घर राखी सभ्यताको परिचय दिऔं।
- आफ्नो घर अगाडिको सडक तथा फुटपाथमा निर्माण सामग्री तथा अन्य कुनै पनि सामान नराखौं।
- बालश्रम प्रयोग नगरौं।
- नगरपालिकालाई बुझाउनु पर्ने कर, सेवा शुल्क समयमै बुझाऔं।
- व्यक्तिगत घटना (जन्म, विवाह, बसाइ सराइ, सम्बन्ध विच्छेद, मृत्यु) को ३५ दिन भित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गराई प्रमाण–पत्र लिऔं।
- नगरपालिका कार्यालय प्रति केही गुनासो भए नगरपालिकाको कार्यालयको ध्यानाकर्षण गराऔं।
- संस्थाहरू सञ्चालन गर्न कोठा भाडामा लिंदा घरको नक्सा पास भए नभएको र घर कर तिरेको वा नतिरेको हेरौं।

**कीर्तिपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**

देवढोका, कीर्तिपुर, फोन : ४३३१९६३, ४३३१११०, फ्याक्स : ४३३१३८१

वेबसाइट : www.kirtipurmun.gov.np

# कीर्तिपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## सहकारी शाखाको अत्यन्त जरूरी सूचना

सम्पत्ती शुद्धीकरण निवारण ऐन, २०६४ र सो ऐन अन्तर्गत सहकारी शाखा, कीर्तिपुर तथा सबै सहकारी संघ, संस्थाहरूले सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी जारी गरेको निर्देशन, २०७४ (पहिलो संशोधन समेत) मा भएका सबै व्यवस्थाहरू अनिवार्य रुपमा पालना गर्नु पर्ने भएकोले कीर्तिपुर नगरपालिकाको नियमन क्षेत्र भित्रका सहकारी संघ, संस्थाले मुलभूत रुपमा तल उल्लेखित विषयहरु तत्काल कार्यान्वयनको लागि सूचित गरिएको छ।

१. निर्देशनको दफा २४ बमोजिम कार्यान्वयन अधिकारी (कम्प्लायन्स अफिसर) नियुक्ति गर्ने र निजको नाम, ठेगाना, योग्यता र सम्पर्क नं. ईमेल लगायतको विवरण सहितको नियुक्तिको जानकारी वित्तीय जानकारी ईकाई तथा विभागको नियामक निकायमा गराउने।

२. निर्देशनको दफा २७ बमोजिम सम्पत्ति शुद्धीकरण ऐन, नियमावली र जारी निर्देशन बमोजिम सम्पादन गर्नु पर्ने कार्यहरुको प्रभावकारी सम्पादनका लागि प्रत्येक सहकारी संघ, संस्थाले आन्तरिक नीति तथा कार्यविधि तर्जुमा गरी साधारणसभाबाट पारीत गराई लागु गर्ने।

३. निर्देशनको दफा १९ बमोजिम सीमा कारोबारको प्रतिवेदन (TTR) कारोवार सम्पन्न भएको मितिले १५ दिन भित्र निर्देशनको अनुसूची-४ को ढाँचामा नेपाल राष्ट्र बैंक, बित्तीय जानकारी ईकाईमा पठाउने प्रवन्ध गर्ने।

४. निर्देशनको दफा २० बमोजिम शंकास्पद कारोवार सम्वन्धी प्रतिवेदन (STR) अनुसूचि-५ को ढाँचामा तयार गरी कारोवार भएको ३ दिन भित्र वित्तिय जानकारी इकाईमा पठाउने।

५. निर्देशनको दफा ३ बमोजिम सदस्य पहिचान तथा सम्पुष्टि (KYM) अद्यावधिक गरी राख्ने।

६. निर्देशनको दफा १३ बमोजिम जोखिम पहिचान, मूल्याङ्कन, वर्गीकरण तथा व्यवस्थापन गर्ने।

७. निर्देशनको दफा ८ बमोजिम उच्च पदस्थ व्यक्तिको पहिचान तथा जोखिम व्यवस्थापन गर्ने।

८. निर्देशनको दफा १० बमोजिम वास्तविक धनीको पहिचान गर्ने उपाय अवलम्वन गर्ने।

९. निर्देशनको दफा १५ बमोजिम सीमा कारोवारीको श्रोत खुलासा लिने गर्नु पर्ने।

१०. निर्देशनको दफा २८ बमोजिम सम्पादन गरेका कार्यहरुको चौमासिक प्रतिवेदन अनुसूचि-६ को ढाँचामा चौमासिक अवधि व्यतित भएको ७ दिन भित्र कीर्तिपुर नगरपालिका, सहकारी शाखामा पठाउने।

*पुनश्चः सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघ, संस्थालाई जारी गरिएको निर्देशन, २०७४ र सहकारी संस्थामा सम्पत्ति शुद्धीकरण निवारण कानुन पालना सम्बन्धी अनुगमन तथा सुपरीवेक्षण कार्यविधि, २०७५ कीर्तिपुर नगरपालिका, कीर्तिपुरको वेभसाईट www.kirtipurmun.gov.np तथा फेसबुक पेज - हेलो कीर्तिपुर नगरपालिका, कीर्तिपुरबाट समेत हेर्न र डाउनलोड गर्न सकिने व्यहोरा समेत अनुरोध।*

नोट : सबै सहकारी संस्थाहरुले अनिवार्य रुपमा CoPoMiS को User-id र Password लिई आफ्नो विवरण Upload गर्नुहोला, साथै यस शाखावाट E-mail मार्फत सोधिएको जवाफ अनिवार्य रुपमा ४८ घण्टा भित्र दिनु हुन सूचित गरिन्छ।

# सहकारी संस्थाहरुलाई अनुरोध

**यस नगर क्षेत्र भित्र रहेका सहकारी संस्थाहरुलाई अद्यावधिक गर्न सहकारी ऐन, नियम अनुसार नियमित रुपमा तपशिल बमोजिमका कामहरू गर्न गराउनु हुन हार्दिक अनुरोध गर्दछौं । त्यसका लागि ऐन, नियम तथा संस्थाको विनियमको परिधी भित्र रहि संस्थाको अनुकुलतामा तत्काल अत्यावश्यक विनियमावली, कार्यविधि तथा नीतिहरु जस्तै आर्थिक विनियमावली, कर्मचारी तथा प्रशासनिक विनियमावली, बचत तथा ऋण प्रवाह कार्यविधि, सम्पत्ती शुद्धीकरण निवारण सम्बन्धी सहकारीको नीति तथा कार्यविधिहरू समेत बनाएर अघि बढ्न सबै सहकारी संस्थाहरूमा हार्दिक अपील गर्दछौं ।**

१. साधारण सभावाट लेखा परीक्षक नियुक्ती गर्ने, लेखा परीक्षण गराउने
२. वार्षिक साधारण सभा पौष मसान्त भित्र गर्ने
३. वार्षिक साधारण सभा तथा लेखा परीक्षणको प्रतिवेदन बुझाउने साधारण सभा भएको एक हप्ता भित्र
४. आवधिक निर्वाचन (४) वर्षमा, समावेशी समितिहरू निर्वाचित गर्नु पर्ने, अध्यक्ष २ कार्यकाल भन्दा बढी बस्न नहुने
५. मासिक, चौमासिक प्रतिवेदन, पछिल्लो एक हप्ता भित्र
६. समितिहरू एवं ऋण उपसमितिका पदाधिकारीहरूको कर्जा, व्याजको बक्यौताको चौमासिक विवरण बुझाउने
७. समितिहरू, उपसमितिहरू विनियम बमोजिम क्रियाशिल बनाउने
८. आवधिक आन्तरिक लेखा परीक्षण प्रतिवेदन
९. सहकारी शिक्षा शिविर नियमित रुपमा चलाउने
१०. आवश्यकताका आधारमा पदाधिकारी तथा कर्मचारी तालिमलाई नियमितता दिने
११. संस्थाको विभिन्न कोषहरूको परिचालन तोकिए बमोजिम गर्ने
१२. विभिन्न पदाधिकारी, सदस्य लक्षित तथा विषयगत उत्प्रेरणा जगाउने कार्यक्रमहरू गर्ने
१३. कोपोमिस प्रविष्टी अद्यावधिक गर्ने
१४. सम्पत्ती शुद्धिकरण, (नीति पारीत गर्ने, सदस्य पहिचान तथा अद्यावधिक गर्ने, कारोवार पहिचान प्रति पटक तथा वार्षिक कारोवारको विवरण प्रस्तुत गर्ने
१५. लंग फर्म अडिट रिपोर्ट-लामो फाराम लेखा परीक्षण प्रतिवेदन (बचत तथा ऋण सहकारीहरूका लागि)
१६. संस्थाको कार्यान्वयन अधिकारी मार्फत वित्तिय जानकारी ईकाई, ने.रा.बै.मा नियमित प्रतिवेदन पठाउने
१७. समसामयिक विनियम संशोधन : सहकारी ऐन तथा नियमावली कार्य क्षेत्र, कार्यविधि, ठेगाना, समसामयिक विषय समेटेर
१८. १६ प्रतिशतको सन्दर्भ व्याजदरको परिपालना गर्ने
१९. वचत तथा ऋणको व्याजदरमा ६ प्रतिशतको अन्तर कायम गर्ने
२०. दोहोरो सदस्यता तथा कृतिम व्यक्तिको कारोवार रोक्ने
२१. संचालक, लेखा समितिमा एउटै परिवारका दुई जना व्यक्ति नराख्ने, राखेको भए हटाउने
२२. सहकारिता, सहकारीपनको अभिवृद्धिका लागि संचालक समितिले नेतृत्व लिने
२३. विभिन्न शीर्षकगत कारोवारको सीमाको परिपालना गर्ने
२४. जोखिम व्यवस्थापनका लागि आवश्यक तयारी गर्ने

**कीर्तिपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**सहकारी शाखा**

कीर्तिपुर नगरपालिकाद्वारा प्रकाशित ● सम्पादक : रत्न महर्जन ● उप-सम्पादक : ज्ञानकुमार महर्जन ● मुद्रण : गुरु गणेश अफसेट प्रेस, पांगा, मोबाइल : ९८४१८५०६२८
● कार्यालय : कीर्तिपुर नगरपालिका भवन ● फोन : ४-३३१३८१, ४-३३१६९३ (दर्ता) ● वेबसाइट : www.kirtipurmun.gov.np
● ईमेल : ict.munkirtipur@gmail.com, info@kirtipurmun.gov.np ● **Facebook** : facebook.com/kirtipurmun ● **Facebook** : Nagar Sandesh ● ईमेल : nagarsandes@gmail.com